# Living the Lotus 2

2024

*Buddhism in Everyday Life*

VOL. 221





**Living the Lotus**
**Vol.221 (February 2024)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग


फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp


प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: केन्सुके ओसादा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ। रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्रय अन्तराष्ट्रय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।



# “बिनम्रता” नै सुन्दर जिवन

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## मानवको आधार

गृष्मबाट बसन्तमा परिवर्तन हुने यो बेलामा जापानमा “दानव बहिर जा सुख भित्र आ” भनेर गेडागुडिलाई फाल्ने चलन छ। मौसम परिवर्तनले गर्दा हुने स्वास्थको गडबडिलाई दानवकोरुपमा तेस्लाई बाहिर जाओस भन्ने यो चलन हो। तर रोग बाहेक, लोभ, घृणा र मुर्खता जस्ता मनलाई भ्रमित गर्ने दानव चिजहरुलाई फालेर मन र तनलाई स्वस्थ बनाउने निर्मल बसन्तलाई स्वागत गर्ने सकौ भन्ने लागेको छ।

तर जापानि भाषामा हृदय र दानवका दुइ अक्षरलाई पनि अर्को मिषृत तरिकाले लेख्यो भने पुरै अर्को अर्थ “बिनम्रता” भन्ने लाग्छ जुनलाई हामीले कहिले पनि टाढा राख्न हुन्न र फाल्न हुँदैन। बिनम्रता भनेको आफुले गरेको गलत कार्य र शब्दलाई बुझेर लज्जा मान्ने कुरा हो।

यो शब्द “पस्च्याताप र बिनम्रता” भित्र भएको दानव भनेको “लाज मान्ने” कुरा हो र जोदो शिना जो “सुद्धभुमी” सेक्टका गुरु शिनरानले यो शब्दको अझ गहिरोसँग प्रष्टएका छन। पछुताउने भनेको आफ्नो दुष्कर्मलाई आफुले स्विकार गरी खेद मन्नु हो जबकी “बिनम्रता” भनेको अरुकोअघी र परमात्मासँग आफ्नो दुष्कर्मलाई स्विकार गर्दै खेद गर्नु हो। साथमा शिनरानले “बिना बिनम्रता मानव हुन सक्दैन” समेत भनेका छन।

बिना बिनम्रता आफ्नो भावना अनुरुप बाच्नु भनेको जनावर सरह हो। हामीसँग बिनम्रता भयो भने मात्र मानव जस्तो सम्मान र सँयम भएर बाच्न सक्छौ  र एसैले नै संबन्ध र समाजको बिकास हुन्छ। अर्को अर्थमा भन्ने हो भने बिनमर्ता हुनु मान्छे बन्नुको आधारभुत शर्त हो भनेर।

## बिनम्रताले मुक्ति

तेसोभए हामीहरु के कुरामा “बिनम्र” हुनु महत्वपुर्ण हुन्छ त ? शिनरानले “आफ्नो दुष्कर्म” मा लज्जा गर्नु भनेका छन तर दुष्कर्म भन्दा के सोचाइ आउछ ?

“लाज मान्नु है” भन्ने कुरा भनेको अरुको आलोचना गर्दा गरिन्छ त यो कुरा आफुप्रती भन्ने शब्द जस्तो लाग्छ। “लाज मान्नु” भनेर आफुलाई भित्रभित्र भन्यो भने हामीले “म अहिले अलंकारी पो भएछु

कि" भन्ने बिनम्रता हुन सकिन्छ या " आफ्नो इक्षा त अनियन्तृत पो भएछ" भन्ने कुरा पस्च्यात्ताप गर्ने या "म परिवरलाई मुख देखाउन लायक नहुने काम गर्न लागेको पो रहेछु" भनेर दुष्कर्म गर्न लाग्दा तेस्बाट जोगिन सकिन्छ पनि होला।

हामीहरुले "बिनम्रता" सिकेमा दैनिकिमा थाहा पत्तो नपाई गरिने दुष्कर्मबाट मुक्त हुन सक्छौ। आफु र अरुलाई चोट पुराउनुबाट बच्न सकिन्छ।

"मानवले बिनम्रता बिकास गरेमा जसरि पनि मुक्ती पाउनेछ" भनेर दार्षनिक मासाहिरो यासुओकाले भनेका थिए र मैले एस्लाई आफ्नो शब्दमा भन्दा बिनम्रता सिकेमा "सही मानव" म परिणात हुन्छ भन्छु। र साथमा बिनम्रता भनेको बुद्धत्व जस्तै सबैमा बराबर हुन्छ तेसैले यो सिकेमा मान्छे सधै आफ्नो बिकास गराउन सक्छ।

ब िनम्रतालाई मनन गरौ। "सुद्धभुमि" सेक्टका संस्थापक होनेन गुरुले "सधै आफ्ना सही मित्रसँग भेटी बिनम्र बन्नु" भनेर भनेक छन। शाक्यमुनिले सही मित्र बुद्धत्वको सर्बचिज हो भने आफ्ना परिवार र संघका साथीले हाम्रो हेरबिचार गरेका हुन्छन। तेसैले उनिहरुले एदी हामीले लाजमर्दो बेबहार गरेमा हप्काउने छन। तेसैले हाम्रा प्रिय परिवार र साथीकोअघी शर्मजनक जिवनी जिउन सकिन्न। संघ भन्ने सही मित्रले हामीलाई प्राकृतिकरुपमा "बिनम्र" बन्न सिकाउछ तेसैले मनमा बोधिसत्व रोप्छ र हामी बिनम्र बन्न सक्ने पनि एस्ता संघका बुद्ध भएर नै हो।

अर्कोतर्फ अहिलेको समाज र संसार लालच र घृणामा डुबी मानवले "बिनम्रता" लाई बिर्सने संघारमा छ। बिनम्रता भन्ने शब्द बिस्मय हो र मलाई दृढ बिश्वास छ कि देवता र बुद्धप्रती श्रद्धा र बिस्मय दिदै बिनम्र भएर बाच्ने छौ भनेर।



# Interview

## ブラジル全土に法の華を咲かせたい

ブラジル教会長
佐々木マリア浩身

**ब्राजिलको मिनिस्टर हुँदा कस्तो लागेको छ भनिदिनुस ।**

साचो भन्ने हो भने अलि नर्वस छु । तर त्योभन्दा पनि नयाँ ढोका खुले जस्तो लागेर खुशीले गदगद छु ।

**ब्राजिलमा १९५८मा संस्थापक निवानोले जापानी अप्रबासिको ५० बर्ष उत्सवमा भ्रमण गर्नु भएको थियो र ठीक अर्को बर्ष हवाइ र लस एन्जलसमा कोसेइ काइको शाखा खोलिएको थियो तेसैले बिदेशमा कोसेइ काइ खुल्ने यो पहिलो कदम थियो । यो कुरा पनि समेटी तपाईंलाई कस्तो लागेको छ ?**

मेरो हजुआमा कोसेइ काइको सदस्य भएकोले म तेस्रो पुस्ताकी हु । बुवा १९५८मा कोसेइ बिद्यालय सकेर तुरुन्तै ब्राजिल आउनु भएको थियो तेही बर्ष संस्थापक निवानो जापानि अप्रबासी ५० बर्ष उत्सवमा आएर बुवाको काम गर्ने ठाउँ जानु भएको रहेछ । म जन्मनुअघी तेस्तो अदभुत कुरा भएको र मैल अहिले यो जिम्मेबारी (म ब्राजिल मन्दिरको मिनिस्टर हुन यहाँ जन्मेकी हु कि भन्ने) पाएको छ र मेरो प्राणलाई यहाँसम्म जोडिदिने हजुरआमा मेरो बुवाआमा अनि संस्थापक, अध्यक्षको उपदेश सिक्न पाएकोमा फेरी पनि आभारी छु र ब्राजिलमा मेहेनत गरेर यो उपदेश फैलाउनेछु भन्ने आफ्नो कर्म र जिम्मेबारी महसुश गरेकी छु ।



*ब्राजिल धर्म सेन्टर स्थापनाको ५० बर्ष मनाउदा दोजोमा*

१९७१ ब्राजिलमा जन्म । कोसेइ काइ आस्थाको तेस्रो पुस्ता । सान पाउलो मक्केन्जी बिश्वबिद्यालयमा पढाइ । १९९८ रिश्शो कोसेइ काइ गाकुरिन शिक्षापछी २ बर्ष टोक्यो ओदा मन्दिरमा प्रचराक । ब्राजिलको मन्दिरमा प्रचारक पछी २०१२ बाट ब्राजिल मन्दिर शिक्षा बिभाग प्रमुख हुँदै २०२३ देखी सोही मन्दिरको मिनिस्टर ।



*गतबर्षको कार्यक्रममा पूर्व प्रमुख रेव नाकाहाराको अनुबाद गर्दै रेब सासाकि*

**आमाबुवाका कुरा र कामले के सिक्नुभयो ?**

बुवाको कार्य अनि वहाँले गर्ने मातापिता पुण्यशिलता सिके । बुवा सानो हुँदा हजुआमाले "आमाबुवा प्रती पुण्यशिल हुनु है" भनेको सुन्दै हुर्केको रे । वास्त्बमा नै बुवा सधै आफ्ना बुवाआमालाई धैरै श्रद्धा गर्ने हुनुहुन्थ्यो । वहाँको कार्य हेरी हुर्केको म पनि सानोदेखी नै "आमबुवालाई श्रद्धा गर्ने कुरा पुण्य र धन्य हो" भन्ने सोच्न थाले । र थाहा नपाई आमबुवासँग हरेक आइतबर ब्राजिल मन्दिरमा जान मन लाग्ने भयो र मन्दिरको दोजो त मेरो खेल्ने ठाउँ नै भयो ।

**ब्यतिगतरुपमा के कुराले गर्द कोसेइ काइको गतिबिधिमा सकृय हुनुभएको हो ?**

म युवा बिभागको गतिबिधिमा लागेको जापानको मुख्य मन्दिरले १९९३मा गरेको युनिभर्सिटी विद्यार्थी दौडमा भाग लिदा हो। पहिला त भाषाको समस्याले गर्दा भाग नलिने कि जस्तो लगेको थियो। तर त्योबेलाको रेबरेन्डले "कोसेइ काइ चिन्ने राम्रो मौका हो र जापानको अनुभव जिवनको अमुल्य रत्न बन्नेछ" भनेर भन्नु भएकोले समर सेमिनारमा भाग लिए। वहाँले भने झै मैले त्यो बेलामा धेरै अमुल्य अनुभव बटुले।

तेस्मा पनि संस्थापकको जन्म भएको सुगानुममा जादा दोजोमा पहिलोपल्ट पुजाको नायक हुन पाएको महत्वपुर्ण लाग्यो। त्यो बेलामा मलाई जापानि भाषा तेती आउन्नथ्यो र सुत्र पाठ गर्न अलि असजिलो लागेको थियो तर गर्नै लाग्दा बुद्धले "पिर नगर सब ठीक हुन्छ" भन्ने हौशलाको आवाज सुने। अदभुत अनुभव थियो त्यो।

साथमा गाकुरिनका विद्यार्थीसँगको अन्तर्कृया पनि ज्यादै महत्वपुर्ण थियो तेसैले गर्दा मलाई बुद्धधर्म र पुण्डरिक सुत्र अझ पढ्न मन लाग्यो। र एक बर्षपछी १९९५मा म पनि गाकुरिनमा भर्ना भए। त्यहाँ पढ्दा कहिलेकाही साथिहरुसँग खटपट पनि भएको थियो। तर तेस्ता अनुभवले गर्दा "कर्मले गर्दा अफु बुझ्ने तपस्या हो" भन्ने कुरा बुझे तेसैले त्यहाँको ३ बर्ष पुण्डरिक सुत्रलाई अझै माइने र आफ्नो मन बुझ्ने आफ्नो गराइ सोचाइलाई हेर्ने "आत्म समिक्षा" र "बुझाइ" को समय थियो जस्तो लाग्छ।



*ब्राजिलका सदस्यको घरमा संघका साथ*



*ब्राजिल मन्दिर प्रमुख सपथ समाहरोहमा सुत्र पाठ गर्दै*

**धर्म सेन्टरमा के कस्ता कार्यक्रमहरु छन ?**

म अहिलेसम्म शिक्षा बिभागको प्रमुखकोरुपमा आधारभुत बुद्धधर्म र पुण्डरिक सुत्रको शिक्षक थिए। २० बर्षअघिदेखी मन्दिर सर्बसाधारण सबैलाई खुल्ला गर्ने भनेर रेबरेन्डले सिकाउने "बुद्धधर्म सेमिनार" गरिएको छ र मैले अनुबादकको काम गरेको छु। यो सेमिनार धर्मिक शब्द प्रयोग नगरि संस्थापकको प्रवचन प्रयोग गरी "पहिला अरु" "आफु परिवर्तन भए अरु परिवर्तन हुन्छन्" भन्ने जस्ता जो सुकैले बुद्धधर्म बुझ्न सक्ने ठाउँ हो।

साथमा धर्मा सेन्टरका सन्चालकहरु मिलेर करिब ३० बर्ष अघिदेखी दम रोगको उपचार गरिरहेक छौ। सान पाओलो शहरमा बायु प्रदुषणले गर्दा दम रोगिका केटाकेटी धेरै छन। अहिले ५ जाना गैर्-सदस्य जो कैइरोप्राक्ट हुन जस्ले १३ बर्ष मुनिका केटाकेटीलाई दम आउँदा के गर्ने भन्ने कुरा दोजोमा सिकाउने गरेका छन। ४ देखी १३ बर्षका रोगिहरुको दम ठीक हुन्छ भनिएको छ।

अनी हरेक बर्ष जुलाईमा ब्राजिल र जापानको सन्स्कृती बुझ्न भनेर "कृषी मेला" मन्दिर भित्र गरिरहेका छौ। जापानको याकिशोबा, टेम्पुरा र ब्राजिलको मुख्य खाना शुरास्कोको पसल पनि हुन्छ र मन्दिरको छिमेकी टोलका मानिस खुशी भएर यो मेलमा आउने गर्छन।

**पुण्डरिक सुत्रमा आफ्नो आधार बनेको श्लोकहरु केहि छन ?**

२८औ अध्यायमा भएको समान्तभद्र उपदेशको "सर्बबुद्धद्वारा हामीहरु सुरक्षित छौ" भन्ने श्लोक मेरो आधार हो। किनकी हामीहरु "बुद्धद्वारा बचाइएर सुरक्षित भएका हौ" भन्ने हो। र यो कुरामा पुर्ण बिश्वास गरेमा जिवनका जस्ता सुकै दुख या घटना पनि बुद्धको करुणा हो र उपदेश सिक्ने मौका हो भन्ने सकारात्मक सोच गर्न सकिन्छ। यो श्लोक बुद्धले हामी पुण्डरिक सुत्र अभ्यास गर्नेहरुलाईइ ठुलो हौशाला दिइ यो उपदेश दिएर हामीलाई भाबनात्मक समर्थन गरेका छन।

**संस्थापक र अध्यक्षका उपपेशहरमा तपाईंको मनमा गडेको उपदेश भनि दिनुस।**

संस्थापकको चाही "पहिला अरु" भन्ने हो र अध्यक्ष "आफ्नै मनमा बोधिसत्व रोप्ने" भन्ने कुरा हो जुन म हरेक दिनको अभ्यासमा महत्व दिने गरेकी छु

**अबको लक्ष र भबिष्यको सपना बताइ दिनुस।**

अब सकेसम्म धेरै युवालाई जापानको गाकुरिन बिद्यालय पठाएर अर्को पुस्ताका उत्तरधिकार बनाउन मानव श्रोत बिकाशमा सर्बशक्ती खर्च गर्छु भन्ने छ। र हामीले सपना देखेको पोर्चुगी भाषामा "पुण्डरिक सुत्र तृभाग" को अनुबादन पुर्ण हुँदै छ। यो नै ब्राजिलमा प्रचारको नयाँ आधार भन्ने छ र धेरैको सुखको लागि यो मन्दिरका सबै एक भएर प्रचारलाई गती दिएर ब्राजिल भरी उपदेशको फुल फुलाउने मन छ। र यो नै मेरो सपना हो।



*ब्राजिल मन्दिर प्रमुख सपथ समाहरोहपछी सदस्यहरुसँग (सबैभन्दा अघी बिचमा)*

# बालबालिकाहरुको संकल्प

बालबालिका बिभागमा “कोसेइ काइक बालक अनि बालिकाको संकल्प” भन्ने छ र यि बालक सदस्यको मनोबृती झाल्किएको छ।


**हामीहरु बुद्ध**
**र देवतामा भक्ती गरि**
**मानिसप्रती दयार आदर**
**पित्री भक्त बालक बन्ने छौ**

बालबालिका बिभागमा “कोसेइ काइक बालक अनि बालिकाको संकल्प” भन्ने छ र यि बालक सदस्यको मनोबृती झाल्किएको छ।

**बुद्ध, यो प्रकृतिको अनुग्रह धैरै मानवप्रती आभारी हुँदै ग्रहण गर्छु**


खाना पाउने कुरामा कृतज्ञ भए र एस्तो जप्ने गरिन्छ।




*यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

# सेइका, ब्यबस्तित परिवार





धेरै घटनाहरु परिवारभित्र नै घट्ने गर्दछ । अहिले नै परिवारको कर्तब्य के हो भनेर बिचार गर्ने बेला हो । रिश्शो कोसेइ काइमा मायालु परिवार अनि "ब्यबस्तित परिवार" भन्ने कुरमा जोड दिइएको छ।

अध्यक्षले परिवारलाई ब्यबस्तित गर्नु नै मानव बिकाश गर्नु हो र यो नै बिश्वा शान्तिमा जोडिन्छ भनेर गोहोनेजेन मुर्तिमा केन्द्रत परिवार बनाउने कुरा महत्वपुर्ण हुन्छ भन्नु भएको छ।

यो कुरा बिस्तृत रुपमा "अध्यक्षको उपदेश्" (पेज ४०) मा भएको "तीन अभ्यास" मा उद्दृत छ।

**थाहा छ ?**

"सेइका" भन्ने कुरा चिनको कन्फ्युशियशका चार पुस्तक मध्य एक "बिश्वबिद्यालय" मा छ। जस्मा " एक ब्यक्तिले मनलाई सही बनाउने अनि अफुलाई बिकसित गर्नु पर्छ, परिवारलाई ब्यबस्तित गर्नु पर्छ, राज्यको शासन गरी अनि बिश्वशान्ति" भनिएको छ।

## अरुलाई धर्मको उपदेश दिएर आफुलाई जागृत गरिन्छ

## “अरुको खुशिकोलागि उपदेश दिने”

Rev. Nikkyo Niwano
Founder of Rissho Kosei-kai



यो कुरा हामी पुण्डरिक सुत्रमा समर्पितको स्वार्थी ब्याखा जस्तो लग्न सक्छ तर यो तेस्तो होईन ।

१९७५ म रिश्शो कोसेइको स्थापना दिवसमा जापानको बुद्धधर्मको सर्बश्रेष्ठका एक प्रोफेसर मियामोतोले भनेका थिए कि "पुण्डरिक सुत्र नै सर्बसुत्रको राजा हो किनकी शाक्यमुनिको "बुद्धमार्ग घोषणा" को बारेमा १७ चोटी यो सुत्रमा उद्दृत गरिएको छ । अरु कुनै सुत्रमा एस्तो एक चोटी पनि गरिएको छैन ।

"बुद्धमार्ग घोषणा" भनेको शाक्यमुनिले पाहिला मृग उध्यानमा उपदेश दिएपछी जब चेलाहरु ६० भए उनिले तुरुन्तै धर्म प्रचार अनि बुद्ध मार्ग घोषणा गरेका थिए भनिन्छ । बुद्धले निम्नरुपमा घोषणा गरेका थिए:

"भिक्षुहरु हामीहरु सर्बबन्धनबट मुक्त भएका छौ । तिमीहरु सकेसम्म धेरैलाई फाइदा र खुशी दिन हरेक क्षेत्र जानु । एक ठाउँमा दुइजना नजादा राम्रो" भनेर ।

चेलाहरुले शक्युमुनिले भने जस्तै एकएक भएर धर्म प्रचार र बुद्ध मार्गको प्रचारमा गए र शाक्यमुनी आफु एक्लै मगधको राजदरबारमा गए ।

पुण्डरिक सुत्रमा धेरै ठाउमा "अरुकोनिम्ती उपदेश फैलाउ" "अर्को जन्मकोलागि सुत्रको उपदेश फैलाउ" भनेर भनिएको छ । यो भनेको एस्तो बोधिसत्व कर्मले गर्दा यो संसारलाई मुक्त गराइ मानवलाई मुक्ती गर्ने कुरा सम्भव हुन्छ भनिएको हो ।

रिश्शो कोसेइ काइले पनि एस्तो शाक्यमुनिको "बुद्धमार्ग घोषणा" बिराशताको रुपमा लिएको छ । धेरै जसो धार्मिक संस्थाले बिशेषज्ञले "धर्म" को उपदेश प्रवचन गरी प्रचार गर्ने गर्छन तर कोसेइ काइमा "सदस्य बन्ने बित्तिकै प्रचारक" भन्ने नारासहित "एक जनाले अर्को एकलाई मार्गदर्शन" को अभ्यास गरिरहेका छौ । यो भनेको "हरेक एक भिन्न पथमा जाउ" भन्ने शाक्यमुनिको उपदेशलाई इमान्दारिपूर्वक अभ्यास गरिएको हो ।

कोसेइ काइको संस्थापन हुँदा सुरुमा मानिसलाई "गरिबि, रोग, द्वन्द" बाट मुक्ती दिने कुरा मुख्य लक्ष थिए तर अहिले अघिन भने झै मानवको अस्तित्वलाई बचाउने भन्ने बृहत काम हरेक दिन गरिरहेका छौ । यो कुरा कुनै क्षण पनि बिर्सन हुँदैन ।

"एक जनाले अर्को एकलाई मार्गदर्शन" भनेको सबै सदस्यले अफुले भेट्नेलाई उपदेश सिकाउने र मद्दतको हात फैलाउने कुरा हो ।

माहायान बुद्धधर्म भनेको शाक्यमुनिले जिवनभर दिएको अनेक उपदेशलाई पछील्लो युगक भिक्षुले संकलन गरेका हुन । तर शाक्यमुनिले भने आफुले भेटेका सबैलाई अबस्यक अनुसार उपदेश, मार्गदर्शन गरेको समग्ररुपको "मुक्ति" को उपदेश थिए ।

तेसैले हामीले पनि हरेक दिन भेट्ने कुरालाई बेवास्ता कदपी गर्नु हुन्न । हाम्रोअघिका हरेक चिज "मुक्ति" का लायक हुन भन्दा फरक नपर्ला कि ।



# "बिनम्रता" बाट सिक्ने

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

जापानमा नयाँबर्षको दिनमा नोतोमा गएको भुइचालो र भोलिपल्ट हानेदा एअरपोर्टमा भएको यात्रुबिमान र नौसैनिक बिमान जुधेको कुराले नयाँबर्षको सुरुमा नै दुइ दुखद घटना घटे। ७,६ तिब्रताको भुइँचालोले घर भात्किए र धेरै जनको निधन भएको टिभीमा देख्दा मनमा च्वास्स हुन्थ्यो। हाम्रो संस्थाले भएभरको शक्ती लगाएर यो बिपतमा निपट्न थालेका छौ र अरु जापानभरका संस्थाले पनि सहयोग गर्न सुरु गरेका छन । निधन भएकाप्रती हार्दिक समबेदना प्रकट गरी जतिसक्दो चाडो पुनर्णिमाण कार्य होस भन्ने कामना गर्दछु।

यो महिनाको अध्यक्षको प्रवचनमा नयाँ बर्षको प्रवचनमा भनिएको "श्रद्धा र बिनम्रता" मध्य "बिनम्रता" को बारेमा भन्नुभयो । अध्यक्षले ४ दशकदेखी भनिआउनु भएको मन मलिलो गरी बोद्धिसत्व रोप्ने कुरा हो र यो बर्ष पनि हरेक महिना प्रवचन यो कुरा सामेल गरी अझ बिस्तृतरुपमा एसको अर्थ र अभ्यास गर्ने तरिका सिकाउनु हुन्छ भन्ने आशा गरेको छु। वहाँले "बिनम्रता" भने बुद्धत्व जस्तै हामी सबैमा हुने कुरा हो भनेर सिकाउनु भयो। यो बर्ष तेस्लाई म बिनम्र भएर मनन गरी पुण्डरिक सुत्रमा अझ समर्पित हुनेछु।




*रेव आकागावा २०२४ डिसेम्बर १०मा कोरिया मन्दिर बूसान शाखामा अन्तर्कृय कार्यक्रममा भाग लिदै (अघी दहिनेबाट तेस्रो)*

# Rissho Kosei-kai International

## Make Every Encounter Matter




## A Global Buddhist Movement




Information about local Dharma centers

facebook

twitter

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp